# विकासका लागि वातावरणिय संरक्षण सेवा (इन्प्रेड )नेपाल

**Environmental Preservation Services For Development ( ENPRED), Nepal**




## वार्षिक प्रगति प्रतिबेदन

## ( Annual Progress Report)

**२०८० श्रावण देखी ०८१ असार सम्म**

**संपर्क:**

कुश्मा नगरपालिका वार्ड नं. ६ लोकतन्त्रचोक

**फोन नं.:- 9857630065**

**इमेल :- enprednepal22@gmail.com**

# मेरो भनाई



विकासका लागि वातावरणीय संरक्षण सेवा (इन्प्रेड ) नेपाल, राष्ट्रिय स्तरमा पहिचान निर्माण गरेको समुदायमा आधारित संस्था हो । यो संस्था २०५० जिल्ला प्रशासन कार्यालय, पर्वतमा दर्ता भई विभिन्न प्रदेश र जिल्लाहरुमा सामाजिक रुपान्तरणकालागि कृषि तथा पशु विकास, वन व्यावस्थापन, शिक्षा, स्वास्थ्य,महिला तथा वालवालिका, अपाङ्गता क्षेत्र, आय आर्जन सिप विकास, उद्यम विकास, प्रकोप व्यावस्थापन, जलवायु परिवर्तन, विभिन्न क्षेत्रको पूर्वाधार विकासका क्षेत्रमा संस्थाले विभिन्न सरकारी, दातृसंस्था तथा अन्तर्राष्ट्रिय गैससहरुसंग सहकार्यमा निरन्तर कार्यक्रम संचालन गरि रहेकोछ । स्थानिय श्रोतको परिचालन एवं समुदायको संस्थागत विकास र स्वावलम्वन प्रवर्द्धनको क्षेत्रमा संस्थाले विगत देखी नै काम गर्दै आई रहेको छ । यसका साथै समुदायमा विपन्न महिला, दलित तथा जनजाती र अपाङ्गता भएका व्याक्तिहरुको क्षमता विकास साथै आय आर्जनको विभिन्न कार्यक्रम संचालन गरी जिविकोपार्जनको कार्यमा सहयोग पुऱ्याउदै आई रहेको छ ।

आजको वर्तमान अवस्थामा ग्रामिण समुदायमा पछाडि पारिएका विभिन्न गरिव, महिला, दलित र जनजातिहरुलाई सामाजिक समावेशिकरणको लागि दुर्गम र विकट स्थानहरुमा संस्थाले सेवा पुऱ्याउदै आइरहेको छ । यसका साथै प्रजातन्त्र, मानव अधिकार र शुसासन एवं शान्तिका लागि नागरिक हक, अधिकार स्थापित गर्ने कुराहरुको वकालत गर्दै आई रहेको छ ।

इन्प्रेड नेपालले देशका विभिन्न जिल्लामा **सृजनात्मक स्वावलम्वी समाजको** निर्माणको परिकल्पना सहित अगाडी वढी रहेको छ । समुदायमा भौतक पूर्वाधार विकास, आय आर्जन, सिप विकास, वाल अधिकार, महिला अधिकार, अपाङ्ग भएका व्याक्तिहरुको अधिकार, सामाजिक समावेशीकरण र विभेदको अन्त्यकालागि वञ्चितीमा पारिएका समुदायका व्याक्तिहरुलाई प्राथमिकता दिई कार्यक्रम संचालन गर्दै आईरहेका छौ ।

संस्थाले शसक्तिकरण, न्यायोचित वितरण, समावेशीकरण र दिगो विकास साथै जलवायु परिवर्तनको असरको न्यूनिकरण, जोखिममा रहेका ग्रामीण समुदायका गरीव महिला जनजाती र दलित समुदायमा श्रोत साधनमा पहुंच अभिवृद्धि गर्दै समुदायको संस्थागत विकास गर्ने कार्यमा संस्थाले प्राथमिकताका साथ कार्यक्रम गरि रहेको छ ।

कार्यक्रमको तल्लो निकाय सम्म पुगेर कामलाई व्यवस्थित र निरन्तरताका लागि सधैं लागि पर्ने सम्पूर्ण संस्थाका कार्य समिति सदस्यहरु, विभिन्न कार्यक्रमका संयोजक, अधिकृत, प्राविधिक, फिल्ड कर्मचारीलाई पनि हार्दिक धन्यवाद दिदै आगामि दिनहरुमा पनि विगतमा झै कार्य गर्न उत्प्रेरणा मिलोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु । आगामी दिनमा पनि प्लान, नेपाल, हेफर ईन्टरनेशनल, नेपाल, वहु सरोकारवाला वन कार्यक्रम, टिविएसयू, नाडेफ, एईपिसी, लिवर्ड साथै नेपाल सरकार, प्रदेश सरकारहरु, स्थानियतहमा गाउँपालिका तथा नगरपालिका लगायत विभिन्न सरकारी गैर सरकारी निकायहरुलाई सहकार्य एवं सहयोगकालागि हार्दिक धन्यवाद दिदै आगामी दिनमा पनि निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ॥

राजु प्रसाद पौडेल
अध्यक्ष
ईन्प्रेड, नेपाल

## १. सम्पन्न झोलुङ्गे पुलहरुको प्रगती विवरण

पर्वत जिल्ला एक पहाडी जिल्ला हो यहाँ धेरै खहरे खोला तथा नदीहरु रहेका छन् । कालीगण्डकी र मोदी यहाँका ठुला नदीहरु हुन भने सेती,लस्ति, भुरुङ्गदी,पाती खोलाहरु मुख्य खोलाहरु हुन्यि वाहेक धेरै खहरे तथा ठाडा खोलाहरु यस जिल्लामा रहेका छन् । नदी तथा खोलाहरुको मुख्य वाटो तथा सहायक वाटा हरुमा एक जिल्ला वाट अर्को जिल्ला जोड्ने एक गाँउपालिका वाट अर्को गाँउपालिका जोड्ने, एक गाँउ वाट अर्को गाँउ जोड्नको लागि झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अर्न्तगत स्थानिय तह (गाँउपालिका तथा नगरपालिकाको) कार्यादेशमा उपभोक्ता समिति मार्फत जिल्लाका स्थानिय स्तरमा रहेका नदी तथा खोलाहरुमा पहुचमार्ग विस्तारको लागि पर्वत जिल्लाको फलेवास,महाशिला, पैयुं र विहादी गाउपालिकामा यो कार्यक्रमले विगत २०५४ साल देखि इन्प्रेड नेपालको सामाजिक तथा प्राविधिक सहयोगमा झोलुङ्गे पुल कार्यक्रम संचालन गर्दै आईरहेको छ । पर्वत जिल्लामा रहेका ठुला नदी तथा खहरे खोलाहरुमा एक गाँउवाट अर्को गाँउ तथा नगरपालिका गाँउपालिकाको कार्यालय, विद्यालय, तथा स्वास्थ्य संस्थाहरुमा आवत जावत गर्नको लागि यस कार्यक्रमले निकै सहयोग पुर्‍याएको छ । झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम ९क्ब्ए० को ८५ प्रतिशत, स्थानिय तह नगरपालिका/गाँउपालिकाको १३ प्रतिशत र उपभोक्ता समितिको २ प्रतिशत श्रमदान गरी यो कार्यक्रम संचालन हुनेगरेको छ । समुदायमा रहेको समानुपातिक प्रतिनिधित्वको आधारमा समिति गठन तथा महिलाहरुको अर्थपुर्णप्रतिशत महिला सहभागीताको सुनिश्चितता गरिएको छ । यो कार्यक्रमवाट स्थानिय श्रोत र साधनको अधिकतम प्रयोग गरि स्थानिय वजारको पर्वद्धनमा समेत जोड दिइएको छ । यो कार्यक्रमले स्थानिय स्तरमा रहेका विपन्न परिवारहरुको रोजगारि सृजना तथा आय आर्जनमा समेत वृद्धि गरेको छ । स्थानिय तहमा रहेका नदी तथा खोलाहरुमा समुदायको माग तथा प्राथमीकताका आधारमा १२० मिटर सम्म लम्बाई का झोलुङ्गे पुलहरु डी टाइप, एन टाइप र ट्रस गरि ३ किसीमका झोलुङ्गे पुलहरु निर्माण गर्ने गरिएको छ । २०५४ सालदेखि हालसम्म झण्डै ४० भन्दा वढी झोलुङ्गे पुलहरु निर्माण सम्पन्न गरिसकिएको छ । यस आ.व.मा ४ वटा झोलुङ्गे पुलहरु निर्माण सम्पन्न भएका छन् भने आगाी आ.व.मा ५ वटा झोलुङ्गे पुलहरुको डी.पी.आर.तयार गरिएको छ । आवमा सम्पन्न पुलहरुको विवरण निम्नानुसार उल्लेख गरिएको छ ।

### **सम्पन्न पुलको विवरण**

१. डडाले चौर झो.पू. फलेवास न.पा
२. गेडीखोला आले झो.पू. पैयु ५ र ६
३. पत्रेवा झो.पू. महाशिला १
४. माझघर आहाले स्टिल ट्रस महाशिला ५






## २. किसान संग महाशिला कृषि कार्यक्रम

महाशिला गाउँपालिकामा कृषक, महिला तथा स्थानिय युवा उद्यमीहरुलाई लक्षित गरी रोजगारमूलक उद्यमशील र मर्यादित कृषि व्यवसायको विकास तथा बजारीकरण प्रवर्द्धन गर्नका लागि आह्वान गरे अनुरुप हेफर प्रोजेक्ट नेपाल (मूख्य प्रस्तावक) ले स्थानिय साझेदार संस्था, विकासका लागि वातावरणीय संरक्षण सेवा नेपाल (इन्प्रेड) सँगको सहकार्यमा यस प्रस्तावना तयार गरिएको छ ।

यस परियोजनाको अवधि ३ वर्ष रहनेछ । परियोजनाले प्रत्यक्ष रुपमा समेट्ने घरधुरी करिव २००० रहेका छन् । यस परियोजना गाउँपालिकाको सवै वडामा सञ्चालन गरिनेछ ।

यस परियोजनाको लक्ष्य प्रत्यक्ष रुपमा आवद्ध साना किसान, विपन्न, दलित तथा जनजाति परिवारहरु तथा उद्यमी युवाहरुको वार्षिक आम्दानीमा वृद्धि गरी जिविकोपार्जनमा सुधार गर्नु रहेको छ । यस परियोजना क्षेत्रमा पहिले संचालन गरिएका परियोजना अन्तर्गत सहकारीमा आवद्ध भई उत्पादन तथा बजारीकरण कार्यमा संलग्न समुहलाई पुनर्ताजकिकरण, सशक्तिकरण तथा उद्यमशिलता अभिवृद्धी, उत्पादन, उत्पादकत्व तथा बजारीकरण क्षमता अभिवृद्धी गर्नु रहेको छ साथै पहिले संचालन गरिएका परियोजनामा समावेश नभएको क्षेत्रका महिला सदस्यहरुलाई पनि स्वावलम्वी समूहहरु तथा सहकारीमा आवद्ध गरी सामाजिक पूँजीको अभिवृद्धि गर्नु, सुधारिएको कृषि तथा पशु व्यवसाय व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुशरणवाट कृषि तथा पशु वस्तुहरुको उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु, युवाहरुको रोजगारी सृजनामा सहयोग गर्नु र कृषि तथा पशुवस्तुको विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण श्रृजना गर्नु रहेको छ ।

परियोजनाका मुख्य गतिविधिहरुमा सुधारिएका नश्लका विऊ बाखा तथा बोकाको वितरण, घाँसको स्रोत विकस तथा प्रवर्धन, प्राङ्गारिक तरकारी र विउ⁄ बेर्ना उत्पादन, युवा तथा महिलाहरुको नेतृत्व क्षमता तथा व्यवसायिकताको विकास, कृषक परिवारहरुलाई प्राविधिक तथा सामाजिक तालिमहरु, पहिले स्थापना भएका महिलाहरुको स्वावलम्वि समुह पुनर्ताजकिकरण र नयाँ क्षेत्रमा महिलाहरुको समूह गठन तथा परिचालन, उच्च मूल्य कृषि उपजहरुको उत्पादन, खोर गोठ सुधार तथा नमुना खोर निर्माण, संकलन केन्द्रको स्थापना तथा एकद्धार प्रणलीवाट बजारीकरण पवर्द्धन, सहकारीको सवलीकरण, चिस्यान केन्द्र स्थापना, उन्नता जातको गाई विकासका लागि ९ब्क्० प्रविधिको व्यवस्थापन तथा उन्नत प्रविधि सहयोग र बजारिकरण सम्बन्धि कार्यहरु गर्नेछ साथै सहकारीको क्षमता अभिवृद्धी हुनेछ ।

यस परियोजना व्यवस्थापनको नेतृत्व हेफर प्रोजेक्ट नेपालले गर्नेछ भने परियोजनाको कार्यान्वयनको मुख्य जिम्मेवारी प्रस्तावित स्थानीय साझेदार संस्थाको हुनेछ । हेफरले परियोजना साझेदार संस्थाको क्षमता विकास गर्ने, सम्पादित गतिविधिहरुको गुणस्तरको सुनिश्चितता गर्ने, गाउँपालिकामा रहेका निजी तथा वित्तिय संस्थाहरुसंग आवश्यक समन्वय गर्ने जस्ता कार्य गर्नेछ ।

२. यस प्रतिवेदन अवधिका मुख्य मुख्य क्रियाकलापहरु र उपलब्धिहरु

यस परियोजना सञ्चालन आ व २०८०⁄०८१ को तेश्रो चौमासिकको अवधिमा सम्पन्न भएका क्रियाकलापहरु र उपलब्धिहरु निम्नानुसार रहेका छन ।

परियोजनाका कर्मचारीहरुलाई २ दिने कार्यक्रम संबन्धी अभिमुखिकरण

महाशिला ६ फलामखानिमा २ वटा मुल समुह र ४ वटा उपहार समुह गठन

पालिका स्तरिय परियोजना अनुगमन तथा समन्वय समिति गठन

६ वटा वडा स्तरिय परियोजना अनुगमन समिति गठन

२३ वटा समुहका सदस्यहरुलाई २३ वटा ब्याडे बोका बितरण

२२ वटा कृषक समुह गठन गरि ३८० जना समाबेश गरिएको

१२ स्थानमा नर्सरि निर्माण गरि ८ प्रकारका बेर्ना जमाई लगाउन लगाईएको

मुल समुह तथा उपहार समुहमा नियमित भेटघाट र छलफल
कर्मचारिहरुको नियमित मासिक बैठक
ए:ऋ संग नियमित छलफल तथा समन्वय बैठक
४३ कृषकहरुलाई फलामेपोल सहिलको टनेल निर्माण
मुल समुहका ३८ जना सदस्यलाई २ वटाका दरले ७६ वटा बाखा बितरण
परियोजना अनुगमन तथा समन्वय समितिका सदस्यलाई हेफर आधारशिला तालिम सञ्चालन
१०००० वटा ओखरका बिरुवा लगाईएको
पालिका भरि घर घरमा गै जुका नाम्ले माटेको औषधि बितरण
दलित समुदायका ३९० घरधुरिका १४४२ पशुहरुको बिमा गरिएको

सामाजिक परिचालनको माध्यमबाट मात्र समाज परिवर्तन छ। समाजमा हुने गरेको सामान्य क्रियाकलाप र व्याबहारमा मात्र परिवर्तन गर्न सकेमा पनि धेरै किसिमका बिकास गर्न सकिन्छ । यस परियोजना अर्न्तगत सामाजिक परिचालनको क्षेत्रमा भएका मुख्य मुख्य उपलब्धिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| मुख्य क्रियाकलाप | मुख्य उपलब्धि |
|---|---|
| PMC गठन | प्रत्येक वडाहरुमा वडा स्तरिय परियोजना अनुगमन समिति गठन गरिएको छ । संबन्धित वडाका वडा अध्यक्षको अध्यक्षतामा गठित उक्त समितिमा संबन्धित वडाका जना प्रतिनिधि, पशु प्राबिधिक, वडा सचिव, परियोजनाका कर्मचारि, सहकारी प्रतिनिधि, समुह प्रतिनिधि, र कृषक समुह प्रतिनिधिहरु सदस्य रहेका छन । समितिमिा कम्तिमा ९ देखि बढिमा ११ सदस्य रहेका छन । जसबाट परियोजनाका क्रियाकलापहरु सञ्चालनमा सहयोग पुगेका छ । |
| समुह गठन | किसान संग महाशिला कृषि कार्यक्रम सञ्चालन भएको वडा नं ६ फलामखानिमा २ वटा ३८ जनाको मुल समुह १) सिद्ध स्वाबलम्बन समुह १६ जना, र २) नमुना स्वाबलम्बन समुह २२ जना र ४ वटा उपहार समुह जम्मा ६४ जनाको गठन गर्रिको छ । जसमा १) लालि गुँरास स्वाबलम्बन महिला समुह,१८ जना २)इन्द्रणी स्वाबलम्बन महिला समुह १७ ३) रुपेश्वारा स्वाबलम्बन महिला समुह १४ जना ४)जन ज्योति स्वाबलम्बन महिला समुह १५ जनाको समुह गठन गरिएको छ । समुह गठन गर्ने समयमा वडा अध्यक्ष, जन प्रतिनिधि,टोल संयोजक, सहकारी प्रतिनिधिहरुको सहभागीता रहेको थियो ।यस अर्न्तगत वडा नं १ देखि ५ सम्म पहिले नै बीख्ऋ क्षक्ष अर्न्तगत बनेका समुहहरु मार्फत सामजिक परिचालनको काम भएको छ । सबै वडाहरुमा नयाँ २२ वटा कृषक समुहहरु गठन गरिएको छ |
| बिउ बाखा उपहार | किसान संग महाशिला कृषि कार्यक्रम सञ्चलन भएको वडा नं ६ फलामखानिमा २ वटा ३८ जनाको मल समुह १) सिद्ध स्वाबलम्बन महिला समुह १६ जना र २) नमुना स्वाबलम्बन समुह २२ जनालाई प्रजनन योग्य बिउ बाखा बितरण गरियो । जसले गर्दा कृषकहरुमा बाखापालन प्रतिआर्कषण बढ्दै गएको र आय आर्जनमा टेवा पुग्ने देखिन्छ। |
| बिउ बोका उपहार | किसान संग महाशिला कृषि कार्यक्रम सञ्चालन भएको महाशिला गाँउपालिका वडा नं १ मा ८ वटा वडा नं २ मा ३ वटा वडा नं ३ मा २ वटा वडा नं४ मा ४ वटा वडा नं ५ मा ४ वटा र वडा नं ६ मा २ वटाका दरले जम्मा २३ वटा बिउ बोका स्वाबलम्बन समुह तथा पशुपालन कृषक समुहलाई बोका बितरण गर्ने काम भएको छ । जसले गर्दा उन्नत बाखा |

| | |
|---|---|
| | उत्पादन तथा मासुमा बृद्धि हुने देखिन्छ । |
| पशु बिमा | किसान संग महाशिला कृषि कार्यक्रम अर्न्तगत महाशिला गाँउपालिका भरिका ३९० घर धुरिका दलित समुदायका पशु बस्तुहरु क्रमश भैसि,पाडा पाडि ५४९, गाँइ गोरु १२१ बाखा बोका ७६५ ,बंगुर ७ लगायत कुल १४४२ पशुहरुको बिमा गर्ने कार्य सम्पन्न भएको छ । जसले गर्दा कृषकहरु आफ्ना पशुहरु सुरक्षित भएको महशुश गरेका छन । मृत्यु भएका पशुहरुको बिमा रकम प्राप्त गर्नकालागी आवश्यक प्रकृया अगाडि बढाउने कार्य भएको छ । |
| कृषि उपकरण तथा टनेल | कार्यक्रम सञ्चालन भएको महाशिला गाँउपालिका वडा नं १ मा १० वटा, वडा नं २ मा ४ वटा, वडा नं ३ मा ४ वटा , वडा नं ४ मा १० वटा, वडा नं ५ मा ९ वटा, र वडा नं ६ मा ६ वटाका दरले फलामे पोल सहितको टनेल निर्माण कार्य सम्पन्न गरि ति टनेलहरुमा बे मौषमी तरकारि तथा टमाटर लगाईएको छ ।जसबाट कृषकहरु बेमौषमी तरकारि तथा मौषमी तरकारि उत्पादन गर्न प्रोत्साहित भएका छन ।जसबाट तरकारीमा आत्मनिर्भर भै निर्यात गर्न सकिने संभावना रहेको छ । |
| नर्सरी स्थापना | कार्यक्रम सञ्चालन भएको महाशिला गाँउपालिका वडा नं १ होश्राङ्गदी मा ६ स्थानमा वडा नं २ मा १ स्थानमा वडा नं ३ मा ४ स्थानमा वडा नं ४ मा ५ स्थानमा पडा नं ५ मा ४ स्थानमा र वडा नं ६ मा २ स्थानमा गरि कुल २२ स्थानमा २ लटमा नर्सरी स्थापना गरि ८ प्रकारका बिरुवा उत्पादन गर्नका लागी नर्सरी नाईके र नर्सरी स्थापना गरि तालिम दिई बिरुवा बितरण गरि लगाईएको छ ।जसले गर्दा तरकारिमा उत्पादनमा बृद्धि भई निर्यात गरि आय आर्जनमा बृद्धि हुने छ ।जसबाट कृषकहरु मौषमी तथा बेमौषमी तरकारिहरु उत्पादन गर्न प्रोत्साहित भएका छन । |
| सरोकारवालाहरुलाई आधारशिला तालिम | २०८०।९।१३ देखि १५ सम्म महाशिला गाँउपालिका पर्बत, हेफर प्रोजेक्ट नेपालको साझेदारिमा इन्प्रेड नेपालद्धारा सञ्चालित किसान संग महाशिला कृषि कार्यक्रम अर्न्तगत महाशिला गाँउपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्ष , कार्यपालिका सदस्य, लेखा अधिकृत, कृषि शाखा, पशु शाखा, प्राबिधिकहरु र संबन्धित सरोकारवालाहरुलाई ३ दिनको हेफर आधारशिला तालिम सम्पन्न भएको छ ।जसले गर्दा सरोकारवालाहरुलाई परियोजनाको बारेमा अवगत हुनुका साथै आधारशिलाको मर्म बुझाउने र बुझ्ने कार्य सम्पन भएको छ । जसमा २१ जनाको उपस्थित रहेको थियो । |
| परियोजनाका कर्मचारिहरुलाई कार्यक्रम बारे अभिमुखिकरण | महाशिला गाँउपालिका पर्बत, हेफर प्रोजेक्ट नेपालको साझेदारिमा इन्प्रेड नेपालद्धारा सञ्चालित किसान संग महाशिला कृषि कार्यक्रम अर्न्तगत महाशिला गाँउपालिकाका कर्माचारि र साझेदार सस्थाका कर्मचारिहरुलाई मिति २०८०।८।५ र २०८०।८।१४ गते २ दिनको छुट्टा छुट्टै अभिमुखिकरण सम्पन्न गरिएको छ ।जसवाट परियोजनाको लक्ष्य उद्धेश्यका बारेमा हाँसिल गर्नुका साथै काम गर्ने तौर तरिका, परियोजनाको मोडल कर्मचारि परिचालन आदिका बारेमा जानकारि हाँसिल गरि कर्मचारि परिचालन गरिएको छ । |
| औषधि बितरण कार्यत्रम | पालिका भरिका पशु बस्तु हरुकालागी जुका नाम्ले माटेको रु १० लाख बराबरको औषधि बितरण गरि पशुहरुलाई भित्री परजिविहरु नष्ट गर्नकालागी र रोगबाट हुन सक्ने हानिबाट बचाउने प्रयास भएको छ । साथै पशु प्राबिधिकहरुबाट सबैवडाहरुमा बिरामि भएका पशुहरुको नियमित रुपमा |

| | |
|---|---|
| | सदस्यको घरघरमा गई बिभिन्न रोगको उपचार गर्ने कार्य भएको छ । |
| घर दैलो | सामुदायिक सहजकर्ताको नियमित अगुपाईमा समुह सदस्यहरुको घरमा उपलब्ध गरिएको बाखा बोका तरकारिको नर्सरि तथा बिरुवा लगाउने कार्यलाई सहजिकरण गरिएको छ । |
| ओखर बिरुवा रोप्ने कार्यक्रम | पालिका भरि १० हजार ओखरको बिरुवा र १३ क्विन्टल तरुलको बिउ रोप्ने कार्य भएको छ । |
| परियोजनामा कार्यरत कर्मचारिहरुकालागी प्राबिधिक अर्न्तक्रिया | यस क्रियाकलापमा परियोजनाका ३ जना कर्मचारि र पालिका तर्फका ५ जना कृषि तथा पशु सेवा प्राबिधिकहरु सहभागी हुनु भएको थियो<br>क्रियाकलापको उपलब्धिहरु<br>पशु खरिद गर्दा ध्यान दिनु पर्ने कुराहरुको बारेमा जानकारि हासिल<br>पशुमा लाग्ने रोगको बारेमा जानकारि लिने र उपचारको बिधिबारे जानकारि<br>पशुको आहार ब्याबस्थापनका बिधिहरुको बारेमा जानकारि<br>पशुका लागी उपयुक्त खोरको बारेमा जानकारि<br>जलवायु मैत्री पशुको उचित व्यवस्थापन बारे जानकारि<br>पशु पंक्षिमा दिईने खोपको बारेमा जानकारि लिने<br>पशु बिमा बारेमा जानकारि<br>एक स्वास्थ्य कार्यक्रम यसको महत्वको बारेमा ज्ञान हाँसिल |
| परियोजनामा कार्यरत कर्मचारिहरुकालागी प्रशिक्षक प्रशिक्षण हेफर आधारशिला तालिम | यस क्रियाकलापमा परियोजनाका ३ जना कर्मचारि र पालिका तर्फका ५ जना कृषि तथा पशु सेवा प्राबिधिकहरु सहभागी हुनु भएको थियो ।<br>क्रियाकलापको उपलब्धिहरु<br>१२ हेफर आधारशिलाको अर्थ सन्देश र मर्मबारेमा ज्ञान हासिल<br>सहभागीतात्मक स्व मुल्याङ्कन र योजना तर्जुमा गर्न सक्षम<br>प्रशिक्षक प्रशिक्षणमा हुनु पर्ने गुणहरुको बारेमा जानकारि<br>सुक्ष्म शिक्षण  बाट प्रशिक्षकमा हुनु पर्ने गुणहरुकाबारेमा जानकारि |
| वटा मुल समुहहरुलाई हेफर आधार शिला तालिम | यस क्रियाकलापमा महाशिला गाँउपालिका वडा नं ६ स्थित सिद्ध स्वाबलम्वन महिला समुह घन्तरीमा २२ जना र नमुना स्वाबलम्बन समुह का १८ जना गरि ४० जनालाई २ इभेन्टमा  तालिम प्रदान गरिएको थियो<br>क्रियाकलापको उपलब्धिहरु<br>१२ हेफर आधारशिलाको अर्थ सन्देश र मर्मबारेमा ज्ञान हासिल<br>सहभागीतात्मक स्व मुल्याङ्कन र योजना तर्जुमा गर्न सक्षम<br>परियोजनाको मर्म बारे ज्ञान हासिल गरेका<br>नेतृत्व गर्ने तथा बोल्ने बानिको बिकास भएको |
| वटा मुल समुहहरुलाई जलवायु मैत्री पशुको उचित ब्याबस्थापन तालिम | यस क्रियाकलापमा महाशिला गाँउपालिका वडा नं ६ स्थित सिद्ध स्वाबलम्वन महिला समुह घन्तरीमा २२ जना र नमुना स्वाबलम्बन समुह का १८ जना २ इभेन्ट गरि ४० जनालाई तालिम प्रदान गरिएको थियो<br>क्रियाकलापको उपलब्धिहरु<br>पशु खरिद गर्दा ध्यान दिनु पर्ने कुराहरुको बारेमा जानकारि<br>पशुमा लाग्ने रेगको बारेमा जानकारि तथा उपचार बिधिको बारेमा जानकारि<br>पशुको आहार ब्याबस्थापन गर्ने ज्ञानको बिकास |

| | |
|---|---|
| | पशु बस्ने खोर भकारो कस्तो उपयुक्त हो भन्ने बारेमा ज्ञान हासिल गरेका<br>जलवायु मैत्री पशुको उचित ब्याबस्थापन गर्ने सिपको बिकास<br>पशु पंक्षिमा दिईने खोपको बारेमा जानकारि ।<br>बिमा भुक्तानि लिदा ध्यान दिनु पर्ने कुराहरु बारेमा जानकारि |
| दक्ष कामदारहरुलाई खोर निर्माण तालिम | यस क्रियाकलाप अर्न्तगत खोर तथा भकारो निर्माणकालागी महाशिला गाँउपालिका सबै वडा बाट दक्ष मिस्त्री छनौट गरि कुल २८ जनालाई १ दिनको पशुहरुकोको लागी उपयुक्त खोर तथा भकारो निर्माण संबन्धि तालिम दिईएको थियो<br>उपलब्धि<br>पशुको आहार ब्याबस्थापन गर्ने ज्ञानको बिकास<br>पशु बस्ने खोर भकारो कस्तो उपयुक्त हो भन्ने बारेमा ज्ञान हासिल गरेका<br>जलवायु मैत्री पशुको उचित ब्याबस्थापन गर्ने सिपको बिकास<br>पशु पंक्षिमा दिईने खोपको बारेमा जानकारि ।<br>पशुको स्वास्थ्य अवस्थामा कसरि राख्ने भन्ने बारेमा जानकारि हासिल गरेका |
| सामाजिक परिचालन र सदस्यता बृद्धि | समुह गठन, उपहार प्रदान, बचत तथा ऋण परिचालन, सामुदायिक कार्यहरु तथा अन्य उपलब्धिहरु |
| अन्य उपलब्धिहरु | ३. पाखापानि र फलामखानिमा गाँउपालिकाद्धारा निर्माण गरिने खोर गोठको निबेदन संकलन अनुगमन र परियोजना अनुगमन तथा समन्वय समितिको बैठक राखि प्रतिबेदन पेश गरि निर्णय गरिएको<br>४ परियोजनाको तर्फबाट निर्माण गरिएका ४३ वटा टनेल साथै गाँउपालिका र ब्याक्तिगत रुपमा निर्माण गरिएका टनेलहरुमा गरि कुल ८६ टनेलकालागी टमाटर बिउ जमाई सबै टनेलहरुमा लगाउन लगाईएको<br>५ कृषक समुहहरु पुर्नगठन गरि महिला समुह हरु निर्माण गरि ब्याबसायिक कृषक तथा डेमो प्लट गर्ने कृषकहरु पहिचान गरि ४० वटा डेमो प्लट छनौट भएको सो को लागी बिउ खरिद गरिएको<br>६ सहकारिसंग सम्झौता गरि होश्राङ्गदीमा गढी सिचाई योजना, दुमिलो खोला सिचाई योजना, काले गैरा सिचाई योजना सम्पन्न भएको अगुवाखोला सिचाई योजना निर्माणधिन अवस्थामा रहेको, लुँखुमा जोरकाफल सिचाई योजना, बोधाबारि सिचाई योजना, आहाले लामास्वाँरा सिचाई योजना र पाखापानिमा धनुबाँस सिचाई येजना सम्पन्न गरिएको ।<br>७ परियोजना अनुगमन तथा समन्वय समितिको बैठक राखि खोर, भकारो तथा घाँसको बिरुवा तथा फलफुलका बिरुवा बितरणमा सहजिकरण गरेको जसमा सुन्तला ३३००, कागति ४२००, टिमुर २५००, मेकोडोनया ३००, एभोकाडो ३००, कफि ८०० बिरुवा खरिद भै लगाउन तयारि<br>खोर ४७ वटा  भकारो २१ वटा निर्माण भै सकेको<br>८ तरकारि उत्पादन गर्ने कृषकको घरमा गै रोग तथा नर्सरी निर्माणमा सहयोग साथै पशुहरुको उपचारका लागी नियमित सेवा प्रदान गरेको<br>९ बिमा गरिएका पशुहरुको आवश्यक जानकारि बिमा कार्यालयलाई दिई आवश्यक कागजात पेश गरेको । |

| | |
|---|---|
| | १० सामाजिक पुजिबिकास अर्न्तगत बिभिन्नखालका पोष्टर पम्प्लेट आदिको खरिद गरि नियमित रुपमा समुहमा गै प्रयोग गरि चेतना जगाएको ।<br>११ फलामखानिमा २ मध्ये,१ स्थान, पाखापानिमा ७ स्थानमा, लुँखुमा १ स्थानमा, |

कर्मचारीहरुकालागी प्राबिधिक अभिमुखिकरण कार्यक्रम, पोखरा










प्रशिक्षक प्रशिक्षण हेफर आधारशिला तालिममा पाल्पामा

आधारशिला तालिममा जाँदा समुहमा भेटघाट कार्यक्रम

फलामखानिमा टनेलमा टमाटर

बालाकोट टनेलमा टमाटर









फलामखानीमा जलवायुमैत्री पशुको उचित ब्याबस्थापन तालिम



हेफर आधारशिला तालिम फलामखानी



हेफर आधारशिला तालिम फलामखानी





**फलामखानि घन्तरीमा हेफर आधारशिला तालिम सञ्चालन**





**बाख्रा तथा बोका उपहार कार्यक्रम**









महाशिलामा दलित परिवारका पशुहरुको  बिमा कार्यक्रम

| | |
|---|---|
|  |  |

कृषक समुहमा नर्सरि स्थापना संवन्धि जानकारी र स्थापना  र विरुवा उत्पादन

| | |
|---|---|
|  |  |

# धन्यवाद